नेपाल सरकार माननिय(मन्त्रिस्तर) बाट मिति २०७८।०८।२४मा स्वीकृत

# अनलाइन प्रणाली मार्फत धितो बन्धक रोक्का/रोक्का फुकुवा सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना : भू-सेवा केन्द्र सञ्चालन निर्देशिका, २०७६ को दफा १०(घ) बमोजिम भू-सेवा केन्द्र सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्था प्रयोगकर्ता, कर्मचारी सञ्चय कोष प्रयोगकर्ता, नागरिक लगानी कोष प्रयोगकर्ता र सहकारी संस्था प्रयोगकर्ताले अनलाइन प्रणाली मार्फत धितो बन्धक रोक्का/रोक्का फुकुवा गर्ने प्रयोजनको लागि देहायको कार्यविधि बनाई लागू गरिएको छ।**

1. **भू-सेवा केन्द्रको अनुमति लिनुपर्ने:-**

   अनलाइन प्रणालीबाट रोक्का, रोक्का फुकुवा गर्नको लागि बैंक तथा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सहकारी संस्थाले अनिवार्य रुपमा भू-सेवा केन्द्र सञ्चालनको अनुमति लिनु पर्नेछ ।

2. **जग्गाधनी प्रमाण पूर्जा एकिन गर्ने:-**

   सम्बन्धित भू-सेवा केन्द्र सञ्चालकले रोक्का तथा रोक्का फुकुवाका लागि अनुरोध भई पेश गरेको जग्गाधनी प्रमाण पूर्जा भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) मार्फत जारी भएको हो/होईन यकिन गर्नु पर्नेछ ।

3. **भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अध्यावधिक गर्ने:-**

   भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) मार्फत जारी नभएको जग्गाधनी प्रमाण पूर्जा भए प्रणालीमा अपडेट गर्न सम्बन्धित मालपोत कार्यालयमा पठाई प्रणालीमा अपडेट गराई प्रणाली मार्फत जारी भएको जग्गाधनी प्रमाण पूर्जा पेश गर्न लगाउनु पर्नेछ ।

4. **अनलाइन प्रणाली मार्फत पठाउने:-**

   भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) मार्फत जारी भएको जग्गाधनी प्रमाण पूर्जा पेश भएपछि भू-सेवा केन्द्र सञ्चालक संस्थाले सम्पूर्ण विवरणहरु भरी आवश्यक कागजातह स्क्यान गरी अनलाईन आवेदनमा संलग्न राखी नियमानुसार लाग्ने राजस्व रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको स्क्यान कपि समेत संलग्न राखी रोक्का तथा रोक्का फुकुवाको लागि अनुरोध गरि सम्बन्धित मालपोत कार्यालयमा अनलाईन प्रणाली मार्फत पठाउनु पर्नेछ ।

5. **सम्बन्धित भू-सेवा केन्द्र प्रयोगकर्ता हो होइन एकिन गर्ने:-**

   रोक्का तथा रोक्का फुकुवाको लागि अनुरोध भई अनलाईन प्रणाली मार्फत प्राप्त लिखत मालपोत कार्यालयको सर्भिस डेस्कको भूमिका प्राप्त कर्मचारीले सो लिखत सम्बन्धित संस्थाको भू-सेवा केन्द्र प्रयोगकर्ताबाट आएको हो वा होईन एकिन गर्नु पर्नेछ ।

6. **फिर्ता पठाउने:-**

   सि.नं. ५ बमोजिम अनलाईन प्रणालीबाट प्राप्त विवरण रुजू गर्दा विवरण अपुरो भए वा थप कागजात आवश्यक पर्ने भए कारण उल्लेख गरी सर्भिस डेस्कको भूमिका प्राप्त अधिकृत वा लिखत पारित गर्न तोकिएको कर्मचारीले सम्बन्धित भू-सेवा केन्द्रमा फिर्ता पठाउनु पर्नेछ ।

7. **डाटा स्थानान्तरण गर्ने:-**

आवश्यक कागजात संलग्न राखी अनलाईन मार्फत प्राप्त हुन आएको विवरण ठिक दुरुस्त भए सर्भिस डेस्कको भूमिका प्राप्त प्रयोगकर्ताले Public Access Model प्रणालीबाट भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली (LRIMS) मा डाटा स्थानान्तरण गर्नु पर्नेछ। डाटा स्थानान्तरणको कार्य सम्बन्धित मालपोत अधिकृत वा लिखत पारित गर्न तोकिएको कर्मचारीले मात्र गर्नु पर्नेछ ।

8. **जुनियर अफिसरलाई पठाउने:-**

स्थानान्तरण भएको डाटा LRIMS प्रणाली सञ्चालन गर्ने सर्भिस डेस्कको भूमिमा प्राप्त कर्मचारीले जुनियर अफिसरलाई पठाउनु पर्नेछ।

9. **रोक्का/फुकुवा निर्णय गर्ने:-**

रुजुको लागि प्राप्त लिखत जुनियर अफिसरले रुजु गरी सबै विवरण दुरुस्त रहेको र नियमानुसार लाग्ने दस्तुर समेत दाखिला भएको पाईएमा मालपोत अधिकृत समक्ष पेश गर्ने। मालपोत अधिकृतले रोक्का लिखत पारित गरिदिने र रोक्का फुकुवा गर्नुपर्नेमा फुकुवा गरिदिनु पर्नेछ।

10. **अभिलेख व्यवस्थित रुपमा राख्ने:-**

रोक्का राख्ने तथा र फुकुवा गर्ने कार्य सम्पनन्न भएपछि कार्यालयले रोक्का/फुकुवा पत्र प्रिन्ट कपीमा प्रमाणित गरी बैंक तथा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सहकारी संस्थाको आधिकारिक इमेल ठेगानामा स्क्यान प्रति पठाउने र सो पत्रको अभिलेख कार्यालयमा व्यवस्थितसँग राख्नु पर्नेछ ।

11. **प्राथमिकतामा राख्ने:-**

प्राप्त हुन आएका रोक्का तथा फुकुवा सम्बन्धी विवरणलाई सम्बन्धित भूमिसुधार तथा मालपोत/मालपोत कार्यालयले प्राथमिकतामा राखी रुजु तथा पारित गरिदिनु पर्नेछ ।

12. **जिम्मेवारी:-**

यस कार्यविधि बमोजिमको काम बैंक तथा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सहकारी संस्थाको रोहवरमा हुने र मालपोत कार्यालयमा ऋणी उपस्थित नहुने हुदाँ धितो मूल्यांकन, जग्गाधनी एकिन गर्ने र धितोबन्धक रोक्का वापतको सम्बन्धित प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेखित शुल्क भूमिसुधार/मालपोत कार्यालयको खातामा जम्मा हुने विषय र धितोबन्धक रोक्का, रोक्का फुकुवाको काम प्रचलित कानून बमोजिम भए नभएको विषयको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सहकारी संस्था नै पूर्ण रुपमा जिम्मेवार हुनेछन्।

13. **अनिवार्य रुपमा पालना गर्नुपर्ने:-**

भू-सेवा केन्द्र लागू भएका भूमिसुधार तथा मालपोत/मालपोत कार्यालयले रोक्का तथा रोक्का फुकुवा सम्बन्धी कार्य अनिवार्य रुपमा यस कार्यविधि बमोजिम सञ्चालन गर्नुपर्ने छ ।